फोन: ०५६-५६०५२१, ५६०५०६
इमेल: ratna.municipality@gmail.com
वेबसाइट: ratnanagarmunicipality.gov.np


# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### रत्ननगर, चितवन


बागमती प्रदेश, नेपाल


प.सं. ०७९/८०
च.नं. ४६८४

मिति: २०७९/१२/१९

**प्रचलित मापदण्डको पालना नगरी निर्माण भएका भवन, संरचना, सीमा पर्खाल र अस्थायी टहराहरु हटाउने सम्बन्धमा अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशन मिति २०७९/१२/१९**

रत्ननगर नगरपालिका क्षेत्र भित्र कुनै पनि भवन तथा संरचनाहरु प्रचलित मापदण्ड बमोजिम नक्सा स्वीकृत लिएर मात्र निर्माण गर्नु पर्ने व्यवस्था स्थानिय सरकार संचालन ऐन २०७४ ले गरेकोमा कतिपय भवन, संरचना सीमा पर्खाल र अस्थायी टहराहरु नगरपालिकाको स्वीकृति नलिई निर्माण गरेको पाईएकोले प्रचलित मापदण्डको पालना नगरी निर्माण भएका तपसिल बमोजिमका संरचनाहरु यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र हटाउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:-

- सार्वजनिक जग्गामा स्वीकृति नलिई निर्माण भएका भवन, टहरा अन्य संरचनाहरु
- सडक क्षेत्राधिकार मिचेर बनाईएका टहरा, कम्पाउण्डवाल एवम् अन्य संरचनाहरु (**नगर क्षेत्र भित्र रहेका राजमार्गको दायाँवायाँ बिशेषत रनपा-२ हाईस्कुल रोड तथा सिनेमा रोड, रनपा-१० बकुलहर बैरिया सडक खण्ड, सौराहा चोक सौराहा निकुञ्ज मार्गको दायाँवायाँ**)
- स्वीकृति नलिई भवनको अगाडि निर्माण भएका ट्रस्ट, जस्ता राखेर निकालेका अस्थायी पाली, अस्थायी टहरा लगायतका अन्य संरचनाहरु
- सडकबाट फुटपाथमा सवारी साधन उक्लिन बाटो अवरुद्ध हुने गरी ढलाई गरी बनाईएका स्थायी -याम्पहरु
- नक्सापासमा बेसमेन्ट पार्किङ्ग स्वीकृत गरी अन्य प्रयोजन (जस्तै: पसल, गोदाम, रेस्टुरेन्ट आदि ) मा प्रयोग भैरहेको बेसमेन्टहरु

**पुनश्च:** उल्लिखित समय सीमा भित्र मापदण्डको पालना नगरी निर्माण भएका भवन, संरचनाहरु,सीमा पर्खाल र अस्थायी टहराहरु नहटाए 'स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम' नगरपालिका आफैंले हटाई लागेको खर्च सम्बन्धित व्यक्ती/ संस्थाबाट असुल उपर गर्ने व्यहोरा सबैमा जानकारी गराइन्छ ।

रत्नगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
रत्ननगर चितवन